सिक्लेस हाइड्रोपावर लिमिटेडको

२२ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस सिक्लेस हाइड्रोपावर लिमिटेडको मिति २०८३/०८/०२ गते बुधबार दिउँसोको ४:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम देहायका विषयहरुमा छलफल गर्न कम्पनीको **२२ औं** वार्षिक साधारणसभा निम्न मिति, स्थान, र समयमा बोलाउने निर्णय भएको हुँदा कम्पनीका सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२२ औं वार्षिक साधारण सभा हुने मिति, स्थान, र समय

मिति : २०८३/०८/२७ गते, आइतबार (December 13, 2026)
स्थान : आभ्या क्लब, घारीपाटन-१७, पोखरा, कास्की ।
समय : बिहान ११ : ०० बजे

२२ औं वार्षिक साधारण सभामा छलफलका विषयहरु

क) सामान्य प्रस्ताव :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यु द्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८२/८३ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसुचीहरु समेत) छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८३/०८४ लेखापरीक्षण कार्यको लागि लेखापरिक्षक नियुक्त एंव निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम २०८३ अषाढ मसान्तसम्मको सञ्चित मुनाफाबाट चुक्ता पुँजिको ०.६६९ प्रतिशतको दरले हुन आउने रु. ६५,३६,९०९.३२/- (अक्षरेपी पैसाठ्ठी लाख छतिस हजार नौ सय नौ र पैसा बतिस मात्र) नगद लाभाँश (कर प्रयोजनको लागी) वितरणको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

(ख) विषेश प्रस्ताव :

१. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम विद्युत नियमन आयोग (ERC) बाट समेत स्विकृत प्राप्त गरी २०८३ अषाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजीको १२.७०६ प्रतिशतका दरले हुन आउने रु. १२,४२,०१,२७७/- (अक्षरेपी बाह्र करोड बयालिस लाख एक हजार दुई सय सतहत्तर मात्र) बराबरको बोनस शेयर वितरणको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।
२. बोनस सेयर जारी प्रश्चात कायम हुन आउने चुक्ता पुँजीको १:०.७७४५ को अनुपातमा श्री विद्युत नियमन आयोगको स्वीकृती बमोजिम रु. ८५,३२,९८,७२३.९७/- (अक्षरुपी पचासी करोड बत्तिस लाख अन्ठानब्बे हजार सात सय तेईस र सन्तानब्बे पैसा मात्र) रकम बराबरको हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।
३. हकप्रद शेयर जारी बापत प्राप्त रकमको प्रयोजन सम्बन्धमा ।
४. कम्पनीको प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।

(ग) विविध ।

साधारण सभाको सन्दर्भमा शेयरधनी दर्ता किताब बन्द रहने सूचना :

मिति २०८३/०८/१८ गते यस कम्पनीको दाखिला खारेज दर्ता बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८३/०८/१७ गते सम्म कारोवार भई प्रचलित कानुन बमोजिम शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र सभामा भाग लिन सक्ने छन् ।

साधारण सभामा सम्बन्धी सामान्य जानकारी

१) साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने कूनै प्रमाणपत्र अनिवार्य लिई आउनु पर्नेछ । संगठित संस्थावाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र पेश गर्नुपर्नेछ ।
२) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयर प्रमाणपत्रमा उल्लेखित परिचय पत्र नम्बर/हितग्राही (DMAT) खाता खोलिएको प्रमाण सहित साथमा लिई आउनुहुन अनुरोध छ ।
३) शेयरधनी महानुभावहरुको ठेगानामा हुलाक/कूरियरवाट पठाईने २२ औं वार्षिक साधारण सभाको प्रतिवेदन पठाइएको छ ।
४) साधारण सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम कम्पनीको केन्द्रिय कार्यालय, मुस्ताङ्गचोक वडा नं. ७ कास्की पोखरामा साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियूक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मूकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र संस्थाको केन्द्रिय कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिएको व्यक्ति समेत संस्थाको शेयरधनी हुनु पर्नेछ ।
५) प्रतिनिधि नियूक्त गरिसक्नुभएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिई सकेको भएपनि त्यस्तो प्रोक्सी स्वतः बदर हुनेछ ।
६) नाबालक वा विक्षिप्त शेयरधनी ज्यूहरुका तर्फबाट संस्थाको शेयर लागत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।
७) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा हुने दिनको १०:०० वजेदेखि खुल्ला रहनेछ ।
८) वार्षिक साधारणसभा सम्बन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय मुस्ताङ्गचोक वडा नं. ७ कास्की पोखरामा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि यस कम्पनीको Website: www.sikleshydro.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव